# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मितिः २०७६/०१/२२

पत्र संख्याः २०७५/०७६
चलानी नम्बर .........

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रूकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७४

### आचारसंहिता र शर्तहरु कार्यान्वयन गर्ने तथा गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना
(प्रकाशित मितिः २०७६/०१/२२ गते)

मिति २०७६ साल बैशाख २१ गते बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धमा व्यापार, व्यवसायी, सुरक्षा निकाय र नगरपालिका समेतको त्रिपक्षीय अन्तरक्रिया एवम् कर्णाली प्रदेश सभा सदस्य माननीय रातो कामी ज्यु समेतको विशेष उपस्थितिमा व्यापारी/व्यवसायीहरु, सुरक्षा निकाय र नगरपालिकाले पालना गर्नुपर्ने आचारसंहिता र शर्तहरु छलफल गरी पारित गरिएको छ । पारित आचारसंहिता एवम् शर्तहरु नगरपालिकाको वेबसाईट, सूचना पाटी, सामाजिक सञ्जाल एवम् वडा कार्यालयहरुमा समेत पठाईसकिएको छ ।आचारसंहिता र शर्तहरुमा उल्लेखित अन्य कुराहरुका अतिरिक्त पहिलो चरणमा देहायका आचारसंहिता र शर्तहरु कडाईपुर्वक कार्यान्वयन गरिने भएकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रकाशित सूचना अनुसार गर्नु तथा गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

(क) यहि मिति २०७६ बैशाख २२ गतेदेखि लागु हुने गरी सार्वजनिक स्थल (विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय, नगरपालिका लगायत सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित कार्यालयहरु) को ५०० मीटरको वरीपरी कुनै पनि किसिमको मदिराजन्य पदार्थ उत्पादन, विक्रिवितरण, निकासी पैठारी र सेवन गर्न पाईने छैन ।

(ख) लाईसेन्स प्राप्त व्यक्तिले मदिरा विक्री वितरण गर्ने समय बिहान १० बजेदेखी साँझ ५ बजेसम्म तोकिएको छ । साथै मदिरा सेवन साँझ ५ बजेदेखी ७ बजेसम्म मात्र तोकिएको परिमाण (बढीमा १ गिलास) र तोकिएको स्थान (सार्वजनिक स्थलको ५०० मीटर भन्दा बाहिर) मा सेवन गर्न पाईनेछ । मदिरा विक्री वितरण गर्ने व्यक्तिले मदिरा सेवन गर्ने व्यक्तिहरुको तीन पुस्ते विवरण बनाई नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत राख्नुपर्नेछ । २१ वर्ष उमेर नपुगेकालाई मदिरा विक्री वितरण गर्न पाईने छैन । मदिराको छुट्टै विक्री कक्ष हुनुपर्नेछ ।

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८४८३१३८


मितिः २०७६/०१/२२

पत्र संख्याः २०७५/०७६

चलानी नम्बर .........

(ग) माथी खण्ड (क) र (ख) मा उल्लेखित आचारसंहिता र शर्तको पालना नगर्ने नगराउने व्यापारी/व्यवसायी एवम् व्यक्तिहरुलाई मदिरा नियन्त्रण निर्देशिका, २०७५ मा उल्लेख भए अनुसार दण्ड जरिवाना र आवश्यक कार्वाही गरिनेछ ।

(घ) घरेलु रक्सी उत्पादन तथा विक्री वितरण गरेको पाईएमा नष्ट गरी उत्पादन तथा विक्री वितरण गर्ने व्यक्तिलाई रु. २५,०००।- (पच्चीस हजार) सम्म जरिवाना हुनेछ ।

(ङ) थप जानकारीको लागी नगरपालिका कार्यालय वा वडा कार्यालय वा इलाका प्रहरी कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

राम बहादुर के.सी
नि.प्रमुख प्रशासकीय अधिकृत

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत